
# लिसंखु पाखर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# सिन्धुपाल्चोक

# दिगो स्थानीय आर्थिक विकास रणनीतिक योजना
# २०७७




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# विषय सूची


१.पृष्ठभूमि ........ 3

१.१. गाउँपालिकाको परिचय ........ 3

१.२. दिगो स्थानीय आर्थिक विकासको अवधारणा ........ 3

१.३. दिगो स्थानीय आर्थिक विकासको औचित्य ........ 3

२. दीर्घकालीन सोच ........ 4

३. लक्ष्य ........ 4

४. उद्देश्यहरु ........ 5

५. रणनीति तथा कार्यनीतिहरु ........ 5

४. दिगो स्थानीय आर्थिक विकासका योजना तथा कार्यक्रमहरु ........ 7

५. कार्यान्वयन तथा अनुगमनको ब्यवस्था ........ 14

५.१ निर्देशन समिति ........ 14

५.२ निर्देशन समितिको काम कर्तव्यहरु ........ 14

५.३ दिगो स्थानीय आर्थिक विकास प्रवर्द्धन संम्वाद मञ्च ........ 14

५.४ दिगो स्थानीय आर्थिक विकास प्रवर्द्धन संम्वाद मञ्चको काम कर्तव्यहरु ........ 16

६. अनुसूचीहरु ........ 17

अनुसूची ६.१: स्थानीय स्रोत तथा सम्भावनाको प्रारम्भिक पहिचान (कृषि क्षेत्र) ........ 17

अनुसूची ६.२. स्थानीय स्रोत तथा सम्भावनाको प्रारम्भिक पहिचान (पर्यटन) ........ 19

अनुसूची ६.३. स्थानीय स्रोत तथा सम्भावनाको प्रारम्भिक पहिचान (जनश्रम /मानव संसाधन) ........ 20

अनुसूची ६.४. तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान (समूह “क”) ........ 23

अनुसूची ६.५. तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान (समूह “ख”) ........ 24

अनुसूची ६.६. तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान (समूह “ग”) ........ 25

अनुसूची ६.७. तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान (समूह “घ”) ........ 26

## १.पृष्ठभूमि

### १.१. गाउँपालिकाको परिचय

सिन्धुपाल्चोक जिल्लाको दक्षिणपूर्वी भेगमा लिसंखु पाखर गाउँपालिका अवस्थित रहेको छ । यो गाउँपालिका ९८.६१ वर्ग कि.मि.मा फैलिएको छ । कुल जनसंख्या १५,१४३ रहेको यस पालिकामातामाङ, लामा, नेवार, क्षेत्री, बाहुन, दलित आदि जातजातिहरु वसोवास गर्दछन् । बौद्ध, हिन्दु र ईसाइ धर्मावलम्वीहरु यहाँ सामाजिक सहिष्णुताका साथ जीवन यापन गरिरहेका छन् ।

पूर्वाधार विकासतर्फ गाउँपालिकाको सवै वडाहरु सडक संजालमा जोडिएका छन् । अधिकांश घरहरुमा खानेपानीको व्यवस्था भएको छ । सबै घरहरुमा विद्युतको सुविधा पुगेको छ ।

खेतियोग्य जमीनहरु बाँझो हुने क्रम रोक्न कृषक समुहहरु कृषि सहकारीमार्फत लागिपरेका छन् भने गाउँपालिकाले सिंचाइका योजनाहरु कार्यान्वयन गरिरहेको छ । तथापी कृषिमा आधारित उद्योगहरु पनि खासै नभएकोले युवा वेरोजगार बढेको छ । यस समस्यालाई समाधान गर्न उद्यमशीलता विकास गरी स्वरोजगारीको अवसर सृजना गर्न विना धितोमा १ प्रतिशत मात्र व्याजदरमा कर्जा प्रवाहको व्यवस्था गरिएको छ ।

गाउँपालिकामा आलुको प्रख्यात स्थान मुडे रहेको छ भने प्राकृतिक छटाहरुले भरिपूर्ण भएकोले पर्यटनको संभावनाहरुमा काम गर्न सकिने अवस्था छ । यसका लागि केही प्रयासहरु जस्तैः मुडे वजारमा भ्यूटावर निर्माण, र कोसेली घर निर्माण  गरिसकिएको छ । स्थानीय तहमा कोल्डस्टोर निर्माण, काठ सिजनिङ प्लान्ट सहित काष्ठ उद्योग सञ्चालन, ग्याल्बुङ खोला ताल निर्मणका कार्यहरु भइरेका छन् । तथापी यस गाउपालिकाको दिगो स्थानीय आर्थिक विकासका लागि योजनावद्ध विकासको खाका बन्न बाँकी रहेको छ।

यस सन्दर्भमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसँग गाउँपालिकाले विशेष अनुरोध गरी दिगो स्थानीय आर्थिक विकासलाई अगाडि बढाउने योजनाको प्रारम्भिक खाका तयारी प्रशिक्षण संचालन भएको छ । प्रतिष्ठानले मिति २०७७ माघ १२ देखि १६ सम्म संचालित दिगो स्थानीय आर्थिक विकास सहकारी र उद्यमशीलता प्रशिक्षण संचालनकै अवधिमा गाउँपालिकाका पदाधिकारी, शाखा प्रमुख तथा सरोकारवालाहरुको सहभागितामा दिगो स्थानीय आर्थिक विकास योजनाको प्रारम्भिक खाका तयार गरिएको छ । यसलाई परिमार्जन सहित पारित गरी लागू गराउन कार्यपालिका प्रतिवद्ध छ ।

### १.२. दिगो स्थानीय आर्थिक विकासको अवधारणा

नेपाल सरकारले सन् २०२२ सम्म विकासशील राष्ट्रको रुपमा नेपाललाई रुपान्तरण गर्न तथा सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्न पन्ध्रौं योजना तयार भई कार्यान्वयनमा आइसकेको छ ।नेपालको संविधानले संघीय सरकार लगायत प्रदेश र स्थानीय तहसमेतलाई राजनीतिक तथा आर्थिक अधिकारको बाँडफाँड अनुसूची ५, ६, ७, ८ र ९ मा प्रष्ट व्यवस्था गरेको छ । यस सन्दर्भमा दिगो विकासको लक्ष्य हासिल गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ ।

### १.३. दिगो स्थानीय आर्थिक विकासको औचित्य

विभिन्न विकासशील मुलुकमा स्थानीय सरकारले स्थानीय आर्थिक संभावनाका क्षेत्रको पहिचान र प्रभावकारी परिचालनका लागि दिगो स्थानीय आर्थिक विकासका रणनीतिक योजनाका सफल अभ्यासहरु मार्फत दिगो विकास लक्ष्य हासिल गरेका छन् । ती सफल उदाहरणहरुको सिकाईबाट नेपालका स्थानीय तहले दिगो विकासका लक्ष्य हासिल गर्न आवधिक, त्रिवर्षीय तथा वार्षिक योजनामा दिगो स्थानीय आर्थिक विकासको रणनीतिक योजनालाई समेत समावेश गर्न आवश्यक छ ।

दिगो स्थानीय आर्थिक विकासको रणनीतिक योजना तर्जुमाका प्रमुख औचित्य यसप्रकार छन्:

(क) गाउँपालिकामा रहेका स्रोतसाधनको समुचित परिचालनबाट स्थानीय जनताको जीवनस्तरमा सुधार गर्न,

(ख) गाउँपालिकामा रहेका तुलनात्मक लाभका क्षेत्रहरुको उत्पादकत्व वृद्धि गरी रोजगारीको अवसर सिर्जना गर्न,

(ग) गाउँपालिकामा रहेका विभिन्न व्यवसायहरुको व्यावसायीकरण तथा प्रवर्द्धन गर्न,

(घ) गाउँपालिकामा रहेका विशिष्टिकृत सीपहरुको उजागर, प्रवर्द्धन तथा उपयोग गर्न,

(ङ)रणनीतिक योजना निर्माणको विधि

यस गाउँपालिकाको दिगो स्थानीय आर्थिक विकास रणनीतिक योजना तर्जुमाका लागि देहायको विधि तथा प्रक्रिया अवलम्वन गरिएको छः

(क) गाउँपालिकाभित्र रहेका प्राकृतिक स्रोतसाधनहरु, मानवीय स्रोतसाधनहरु तथा विभिन्न व्यवसायहरुको अवस्था र संभावनाको सहभागितामूलक विधिबाट पहिचान,

(ख) बुँदा (क)वमोजिम पहिचान भएका स्रोतसाधन तथा व्यावसायिक क्षेत्रहरुको तुलनात्मक लाभ तथा प्रतिस्पर्धी क्षमताको आंकलन,

(ग)बुँदा (ख)वमोजिम पहिचान भएका तुलनात्मक लाभका क्षेत्रहरुको प्रतिस्पर्धी क्षमता वढाउन तत् तत् क्षेत्रहरुको मुल्य श्रृखला र व्यावसायिक इको प्रणाली (Business Ecosystem) को विकास र प्रवर्द्धनका लागि आवश्यक रणनीति तथा कार्यनीति तर्जुमा,

(घ) गाउँपालिकाको दिर्घकालीन सोच, रणनीति तथा कार्यनीति कार्यान्वयन गर्न विस्तृत कार्ययोजना सहित दिगो स्थानीय आर्थिक विकासका रणनीतिक योजना तयार,

(ङ) उपरोक्त वमोजिम तयार गरिएको लिसंखु पाखर गाउँपालिकाको दिगो स्थानीय आर्थिक विकास रणनीतिक योजना कार्यान्वयनका लागि निर्देशन समितिको गठन, दिगो स्थानीय आर्थिक विकास प्रवर्द्धन मञ्चको गठन र कार्यालय तहबाट आवश्यक समन्वय गर्न सम्पर्क व्यक्ति तोक्ने व्यवस्था ।

उपरोक्त वमोजिमको लिसंखु पाखर गाउँपालिकाको दिगो स्थानीय आर्थिक विकास रणनीतिक योजना तर्जुमा गर्न पालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र कार्यपालिकाका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु तथा सहकारीका प्रतिनिधिहरु, स्थानीय संचारमाध्यमसँग सम्वन्धित प्रतिनिधिहरु, गाउँपालिका क्षेत्रमा रहेका पेशा व्यवसायी संघसंस्थाका प्रतिनिधिहरु, शिक्षकहरु, कृषकहरु, उद्यमीहरु लगायतका सरोकारवाला संस्थाहरुको प्रतिनिधिहरुको सहभागितामा पाँच दिने कार्यशाला आयोजना भएको थियो । उक्त कार्यशालाको सहजीकरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नेतृत्वमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट भएको थियो ।सहभागीको विवरण अनुसूची .....मा राखिएको छ ।

## २. दीर्घकालीन सोच

मिति २०७७ माघ १२ देखि १६ सम्म संचालन भएको कार्यशालामा सहभागिहरु वीच सघन छलफल भई लिसंखु पाखर गाउँपालिकाको दिर्घकालीन सोच देहायवमोजिम तय भएको छः

**“स्वस्थ, सुखी र संमृद्ध लिसंखु पाखर**

**पर्यटन, जलस्रोत, शिक्षा र कृषिमा आधुनिकीकरण र आत्मनिर्भर”**

## ३. लक्ष्य

लिसंखु पाखर गाउँपालिकाको स्थानीय स्रोत साधनको कुशल परिचालन र दक्षतापूर्ण विनियोजनबाट सुख सहितको दिगो तथा समावेशी आर्थिक समृद्धि हासिल गर्ने ।

## ४. उद्देश्यहरु

(१) दीगो र समावेशी स्थानीय आर्थिक विकासका लागि गाँउपालिका, नीजिक्षेत्र, सहकारी र विकास साझेदार सहितको साझेदारीमा उद्यमशीलताको विकासका लागि आर्थिक इकोसिस्टमको विकास गर्ने ।

(२) स्थानीय स्रोत साधनको पहिचान र प्रभावकारी परिचालन गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी उत्पादनका क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्ने ।

(३) उत्पादनशील रोजगारीको सिर्जना र उत्पादकत्वमा वृद्धि मार्फत गाउँपालिकाको अर्थतन्त्रमा अभिवृद्धि गरी सुख सहितको आर्थिक समृद्धि हासिल गर्ने ।

## ५. रणनीति तथा कार्यनीतिहरु

(१) दीगो स्थानीय आर्थिक विकास योजना कार्यान्वयन गर्न गाँउपालिका, नीजिक्षेत्र, सहकारी र विकास साझेदारहरुको प्रभावकारी तथा अर्थपूर्ण सहभागितामा स्रोत साधन परिचालन गर्ने ।

(२) आत्मनिर्भरता उन्मुख आन्तरिक उत्पादनलाई जोड दिँदै स्थानीय प्रतिस्पर्धी क्षमता (तुलनात्मक लाभका क्षेत्र समेत) भएका आर्थिक क्षेत्र वा कलष्टर अन्तरगत गरिने वस्तु तथा सेवाको मूल्य श्रृङ्खला (Value Chain) को विकास तथा व्यवस्थापन गर्ने ।

(३) दीगो तथा समावेशी अवधारणामा आधारित रोजगारी तथा आयमूलक कार्यक्रमहरुको प्रवर्द्धन र कार्यान्वयन गर्ने ।

**तालिका १ः उद्देश्य, रणनीति तथा कार्यनीतिहरु**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः (१)**दीगो र समावेशी स्थानीय आर्थिक विकासका लागि गाँउपालिका, नीजिक्षेत्र, सहकारी र विकास साझेदार सहितको साझेदारीमा उद्यमशीलताको विकासका लागि आर्थिक इकोसिस्टमको विकास गर्ने । | |
| १.१.दीगो स्थानीय आर्थिक विकास योजना कार्यान्वयन गर्न गाँउपालिका, नीजिक्षेत्र, सहकारी र विकास साझेदारहरुको प्रभावकारी तथा अर्थपूर्ण सहभागितामा स्रोत साधन परिचालन गर्न कार्यान्वयन संरचना तयार गर्ने । | १.१.१.योजनाको प्रभावकारी कार्यान्वयनका लागि काम कर्तब्य र अधिकार सहित दीगो स्थानीय आर्थिक विकास योजना **निर्देशक समिति** गठन ।<br>१.१.२. कार्यालय तहबाट समन्य गर्न दीगो स्थानीय आर्थिक विकास सम्पर्क व्यक्ति (**फोकल पोइन्ट**) तोक्ने कार्य ।<br>१.१.३. दीगो स्थानीय विकासको अवधारणाको विकास तथा कार्यान्वयनका लागि निरन्तर सम्वाद जारी राख्न तथा निर्देशक समितिलाई आवस्यक सुझाव दिन सहकारी, नीजिक्षेत्र, मिडिया तथा अन्य विकास साझेदारको प्रतिनिधित्व हुने गरी**दीगो स्थानीय आर्थिक विकास सम्वाद मञ्च** गठन। |
| १.२ व्यावसायिक इको सिस्टमको विकास गर्ने । | १.२.१.सार्वजनिक निजी साझेदारी (Public Private Partnership-PPP) नीतितयार गरी चयन गरिएका आयोजनाहरुमा कार्यान्वयन ।<br>१.२.२ निजी र सहकारी क्षेत्रमा रहेको स्रोत र प्रविधिको दक्षतापूर्ण परिचालनका लागि सार्वजनिक, निजी र सहकारी साझेदारी (Public Private Cooperatives |

| | |
|---|---|
| | Partnership-PPCP) को नीति तयार गरी चयन गरिएका आयोजनाहरुमा कार्यान्वयन ।<br>१.२.३ विकास साझेदार तथा अन्य वित्तीय संस्थाको साझेदारी मा संयुक्त लगानी (Blending Financing) ।<br>१.२.४ स्थानीय उद्यम विकास नीति तर्जुमा । |
| **उद्देश्यः २.**स्थानीय स्रोत साधनको पहिचान र प्रभावकारी परिचालन गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी उत्पादनका क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्ने । | |
| २.१ स्थानीय प्रतिष्पर्धी क्षेत्र, क्लष्टर, वस्तु वा सेवालाई प्रवर्द्धन गर्ने | २.१.१ निर्देशन समितिले विषयविज्ञको मदत लिएर गाउँपालिकामा भएको स्थानीय तुलनात्मक लाभ र प्रतिष्पर्धी क्षेत्र, वस्तु र सेवाको पहिचान ।<br>२.१.२ पहिचान भएका क्षेत्र, वस्तु र सेवाको मूल्य श्रृङ्खला विकास ।<br>२.१.३ उपलब्ध श्रम र सीपको अवस्था देखिने प्रोफाइल तयार गरी क्षमता विकास कार्यक्रम संचालन । |
| २.२ स्थानीय प्रतिष्पर्धी उत्पादनको मूल्य श्रृखलाको विकास र प्रवर्द्धन गर्ने | २.२.१ माथि (२.१.१) अनुसार पहिचान भएका तुलनात्मक लाभ र प्रतिष्पर्धी क्षेत्रहरुको मूल्य श्रृंखला विकास ।<br>२.२.२ मूल्य श्रृंखलाका लागि आवश्यक भौतिक तथा प्रणालीगत पूर्वाधार विकास ।<br>२.२.३ उत्पादन गरिने विभिन्न वस्तुहरुको गुणस्तर निर्धारण ।<br>२.२.४ अनुसन्धान तथा विकास(R and D) गरी मूल्य श्रृंखलामा नवप्रवर्तनकारी(Innovative) अवधारणा अनुसार मूल्य अभिवृद्धि (Value addition) । |
| **उद्देश्य ३.**उत्पादनशील रोजगारीको सिर्जना र उत्पादकत्वमा वृद्धि मार्फत गाउँपालिकाको अर्थतन्त्रमा अभिवृद्धि गरी सुख सहितको आर्थिक समृद्धि हासिल गर्ने । | |
| ३.१.स्थानीय क्षेत्रको उत्पादनको आन्तरिक तथा वाह्य बजारीकरण गरी स्थानीय तहमा हुने आयात क्रमशः कम गर्दै निर्यात बढाउने । | ३.१.१स्थानीय होटल व्यवसायी, व्यापारीहरुर स्थानीय उपभोक्ताले स्थानीय उत्पादनको उपयोगलाई उच्च प्राथमिकता दिने नीति अख्तियार।<br>३.१.२. स्थानीय उत्पादनहरुको ब्राण्डिङ । |
| ३.२आत्मनिर्भरता उन्मुख स्थानीय उत्पादनलाई जोड दिँदै उद्यमशीलता विकास गर्ने । | ३.२.१ छनौट गरिएका स्थानीय उच्पादनको प्रवर्द्धन गर्न इन्कुवेसन सेन्टर स्थापना ।<br>३.२.२ |
| ३.३ स्थानीय पूर्वाधार निर्माणका आयोजना, उद्योग, व्यापार तथा व्यवसायका क्षेत्रमा स्थानीय श्रम र सीपको उपयोग गर्ने । | ३.१.१ निर्माण, कृषि, उद्योग, पर्यटन र व्यापार लगायतका क्षेत्रमा रहेका श्रमको किसिमअनुसारसूची तयार ।<br>३.१.२ बुँदा (३.१.१) मा रहेका जनशक्तिलाईविशिष्टिकृत सीप विकास तालिम संचालन ।<br>३.१.३ बुँदा (३.१.१) मा उल्लेखित रोजगारीका क्षेत्रहरुमा कम्तिमा एक तिहाइ महिलाहरुलाईरोजगारी सुनिश्चित हुने व्यवस्था । |

## ४. दिगो स्थानीयआर्थिक विकासका योजना तथा कार्यक्रमहरु

दिगो स्थानीय आर्थिक विकासका विभीन्न पक्षहरुमा कार्यशालाका सहभागीहरु वीच खुल्ला वहस तथा छलफल भै स्थानीय सम्भावनाका क्षेत्र, उत्पादन तथा सेवाहरुको पहिचान भएकोछ। यसरी पहिचान गरिएका सम्भावनाहरुलाइ क्षेत्रगत रुपमा अनुसूची ...मा प्रस्तुत गरिएकोछ। क्षेतगत रुपमा पहिचान भएका क्षेत्र, उत्पादन वा सेवाहरुको तुलनात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धी क्षेत्रका रुपमा विश्लेषण तथा वर्गीकृत गरिएकोछ (अनुसूची ....)।

यसरी विश्लेषण भै कार्यान्वयन तथा लगानी योग्य स्थानीय आर्थिक विकासका योजनाहरुमा विस्तृत छलफल तथा प्राथमिकीकरण गरिएकोछ जुन तालिका ...देखि ...सम्म प्रस्तुत गरिएकोछ।

तालिका २. आर्थिक विकास सम्बन्धी पर्यटन विकास योजना

| क्र.सं. | योजना तथा कार्यक्रम | इकाइ | परिमाण | लागत (रु. लाखमा) | हालको अवस्था | लक्ष्य | | | | | प्राथमिकता क्रम (P1, P2, P3) | जिम्मेवार निकाय/संयन्त्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा | | |
| १. | जलविहार निर्माण गर्ने र सहकारी मार्फत सञ्चालन गर्ने | संख्या | १ | १६००।- | DPR IE | २५% | ५०% | २५% | - | १००% | P1 | प्रदेश, गाउँपालिका |
| २ | प्राकृतिक पर्यटन लिस्टेशन मुडे हिलस्टेशन | संख्या | १ | १००।- | निर्माण कार्य हुदै | ७५% | २५% | | - | १००% | P1 | प्रदेश, गाउँपालिका |
| ३ | धार्मिक पर्यटन गुम्बाहरु, हिन्दु बौद्ध मन्दिर | संख्या | ७ | ७०।- | निर्माण कार्य हुदै | २५% | २५% | ५०% | - | १००% | P1 | प्रदेश, गाउँपालिका, निजि क्षेत्र, समुदाय |
| ४ | पदयात्रा र पदमार्ग तेन्जिङ नोर्गे शेर्पा, हिलारी | संख्या | १ | ५।- | DPRकार्य हुदै | २५% | २५% | ५०% | - | १००% | P1 | प्रदेश, गाउँपालिका, संघ |
| ५ | साँस्कृतिक पर्यटन (संग्राहलय) | संख्या | १ | ५०।- | DPR अवस्था काम शुरु हुदै | २५% | २५% | ५०% | - | १००% | P2 | प्रदेश, गाउँपालिका, संघ |
| ६ | प्राकृतिक चिडियाखाना | संख्या | १ | | अध्ययन भइसकेको | | | | | | | DPRनिर्माण गरी काम गर्नुपर्ने |

**तालिका ३: आर्थिक विकास सम्बन्धित जमिन/जंगल विकास योजना**

| क्र.सं. | योजना तथा कार्यक्रम | इकाइ | परिमाण | लागत (रु. लाखमा) | हालको अवस्था | लक्ष्य | | | | | प्राथमिकता क्रम (P1, P2, P3) | जिम्मेवार निकाय/संयन्त्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा | | |
| १. | जलविहार निर्माण गर्ने र सहकारी | संख्या | २ | २००।- | प्रारम्भिक छलफल | २०% | ५०% | ३०% | - | १००% | P1 | संघिय, प्रदेश, स्थानीय सरकार, सहकारी, निजि |
| २ | कृषि, पशुपालन प्राविधिक तालिम केन्द्र (वडा नं. ७) | संख्या | १ | १००।- | सिलन्यास भएको | १०% | ३०% | ६०% | - | १००% | P2 | संघिय, प्रदेश, स्थानीय सरकार, सहकारी, निजि |
| ३ | सामुदायिक मखुण्डो विक्रि केन्द्र ( वडा नं. १,२,४) | संख्या | १ | १००।- | व्यवस्थापनमा छलफल, सोच | २०% | ८०% | - | - | १००% | P1 | संघिय, प्रदेश, स्थानीय सरकार, सहकारी, निजि |
| ४ | नमूना तोङ्बा उत्पादन घर निर्माण (सबै वडा) | संख्या | ३५ | ८७५।- | सोच | १००% | - | - | - | १००% | P1 | संघिय, प्रदेश, स्थानीय सरकार, सहकारी, निजि |
| ५ | नर्सरी (जडिबुट्टी तथा फलफुल) | संख्या | १ | २०।- | चालु रहेको | २०% | ६०% | २०% | - | १००% | P1 | स्थानीय सरकार, सहकारी |
| ६ | सुन्तला पकेट क्षेत्र विकास (वडा नं. १ | संख्या | १ | १०।- | चालु रहेको | ३०% | ५०% | २०% | - | १००% | P1 | संघिय, प्रदेश, स्थानीय सरकार, सहकारी, निजि |
| ७ | जडिबुट्टी संकलन तथा प्रशोधन केन्द्र | संख्या | १ | १०००।- | सोच | १०% | ३०% | ४०% | २०% | १००% | P3 | संघिय, प्रदेश, स्थानीय सरकार, सहकारी, निजि |

**तालिका ४: आर्थिक विकास सम्बन्धी जनश्रम/मानव संशाधनविकास योजना**

| क्र.सं. | योजना तथा कार्यक्रम | इकाइ | परिमाण | लागत (रु. लाख मा) | हालको अवस्था | लक्ष्य | | | | | प्राथमिकता क्रम (P1, P2, P3) | जिम्मेवार निकाय/संयन्त्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा | | |
| १. | कृषि तथा पशुपालन (तालिम दिने) विशिष्टिकृत तालिम<br>➢ आलु, ताजा तरकारी तथा फलफुल<br>➢ खोर र गोठ सुधार व्यवस्थापन<br>➢ बजारीकरण<br>➢ घाँस उत्पादन | ३ दिने ७ वटा तालिम | ७ वटा तालिम | ६।- | कृषि पशुपालन सम्बन्धि विभिन्न कार्यक्रम शुरु भएको | २ वटा | ५ वटा | | | ७ वटा | P1 | गाउँपालिका तथा अन्य निकाय |
| २ | सहकारी व्यवस्थापन तालिम ( लेखा व्यवस्थापन र बजारीकरण) | लेखा ५ दिन व्यवस्थापन ५ दिन | २ वटा | १०।- | केहि तालिम संचालन भएपनि बुझाई कम भएको | | २ वटा | | | २ वटा | P2 | गाउँपालिका र सकोस |
| ३ | वर्कशप<br>➢ मोटरसाईकल वर्कशप<br>➢ मोबाईल वर्कशप<br>➢ टयाक्टर | मोटरसाईकल मर्मत १० दिन मोबाइल वर्कशप २ हप्ता १० दिन | ३ | २ | केही तालिम भएका तर व्यवस्थित नाभएको | १ | २ | | | ३ | P1 | गाउँपालिका |

**तालिका ५: आर्थिक विकास सम्बन्धी जलस्रोत/सिंचाई विकास योजना**

| क्र.सं. | योजना तथा कार्यक्रम | इकाइ | परिमाण | लागत (रु. लाखमा) | हालको अवस्था | लक्ष्य | | | | | प्राथमिकता क्रम (P1, P2, P3) | जिम्मेवार निकाय/संयन्त्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा | | |
| १. | सिचाईः दोभान खोला च्याउँजी बेसी सिंचाई ( निर्माणाधीन) | रोपनी | १००० | ७०० | निर्माणाधीन | ४० प्रतिशत | ७० प्रतिशत | | | १०० | P1 | गाउँपालिका, प्रदेश सरकार |
| २ | खानीपानीः पात्ले पांग्रे सिके खानेपानी | किमी | ९ | २००। - | निर्माणाधीन | ८० प्रतिशत | २० प्रतिशत | | | १०० | P1 | संघ, प्रदेश र गाउँपालिका |
| ३ | तालः ग्याल्बुङ खोला कृतिम ताल | रोपनी | १३० | १५०० | DPR भएको | १ | २ | | | १०० | P1 | प्रदेश सरकार |
| ४ | म्रकु (नौं मुहान) ताल | रोपनी | ८५ | ७०० | DPR भएको | | | | | १०० | P1 | गाउँपालिका, प्रदेश सरकार |

**तालिका ६: दिगो स्थानीय आर्थिक विकासका क्षेत्रगत लक्ष्य, र सूचकहरु**

| नतिजा स्तर | लक्ष्य, गन्तब्य र सूचकहरु | एकाइ | उपलब्धी | | | | योजना अवधिको उपलब्धी | पुस्टयाइको आधार | जिम्मेवार निकाय/ संयन्त्र | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ | | २०८०/८१ | | | | | |
| | | | नेपाल | लिसंखु पाखर | नेपाल | लिसंखु पाखर | | | | |
| **प्रभाव(Impact)** | | | | | | | | | | |
| १. | प्रतिब्यक्ति आय | अमेरीकी डलर | १०४७ | | १५९५ | | | गाउँपालिकाको अनुगमन प्रतिवेदन, वार्षिक कार्यक्रम तथा वजेट | गाउँकार्यपालिका, निर्देशन समिति | |
| २. | बेरोजगार दर | प्रतिशत | ११ | | ६ | ७ | | | | |
| ३. | गरीवी | प्रतिशत | १५ | | ११ | १० | | | | |
| **परिणाम (Outcome)** | | | | | | | | | | |
| १. | बार्षिक विनियोजन मध्ये पूँजीगत खर्च | | ८७.४ | | ९९ | ९८ | | | | |
| २. | प्रति बचत सहकारी संस्थाले समेटेको जनसंख्या(Coverage) | प्रति सहकारी संस्था जनसंख्या | १००० | ४३३ | | ५०० | | | | |
| ३. | आलु वालीको उत्पादकत्व | मे.ट. प्रति हेक्टर | १६.४ | | २२ | २५ | | | | |
| ४. | धान, गहुँ, मकै, फापर कोदो | मे.ट. प्रति हेक्टर | २.९ | | ४ | ४ | | | | |
| ५. | खेतीयोग्य मध्ये सिंचित जमिन | प्रतिशत | ४५ | | | ४५ | | | | |
| ६. | रोजगारीमा वृद्धि | संख्या | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | स्थानीय प्रतिस्पर्धात्मक क्षेत्र वा उत्पादनको मुल्य श्रृंखलाको विकास | संख्या | | १८ | | | | | | |
| **प्रतिफल (Output)** | | | | | | | | | | |
| १. | दिगो स्थानीय आर्थिक विकासका योजनाहरुमा लगानी | रु. करोडमा | | | | ७४ | | | | |
| २. | स्थानीय आर्थिक विकासका योजनाहरुमा हुनेकुल पूँजीगत लगानीमा निजी क्षेत्रको हिस्सा | प्रतिशत | | | | २० | | | | |
| ३. | स्थानीय आर्थिक विकासका योजनाहरुमा हुने कुल पूँजीगत लगानीमा सहकारी संस्थाको हिस्सा | प्रतिशत | | | | १५ | | | | |
| ४. | स्थानीय आर्थिक विकासका योजनाहरुमा हुने कुल पूँजीगत लगानीमा विकास साझेदारहरुको हिस्सा | प्रतिशत | | | | १५ | | | | |
| ५. | लिसंखु पाखर गाउँपालिकाको दीगो स्थानीय आर्थिक विकास रणनीतिक योजना तयार भै स्वीकृत | संख्या | | १ | | १ | | | | |
| ६. | दिगो स्थानीय आर्थिक विकास रणनीतिक योजनालाई कार्यान्वयन तथा सहजीकरण गर्ने संयन्त्र निर्माण | | | २ | | २ | | | | |
| ७. | उद्यम विकास प्रयोगशालाको अवधारणापत्र विकास | | | १ | | १ | | | | |
| | **द्रष्टव्य:** यस तालिकामा राखिएका राष्ट्रिय लक्ष्यहरु तुलनाका लागि राखिएका हुन् ।लिसंखु पाखर गाउँपालिकाको आ.व. २०८०।०८१ को लक्ष्यहरु गाउँपालिकाले अघि सारेका योजना तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त हुनसक्ने नतिजाका आधारमा अनुमान गरिएको छ । यी लक्ष्यहरुले अनुगमनको प्रक्रियालाई आवश्यक सहजीकरण गर्न सक्ने अपेक्षा गरिएको छ । लिसंखु पाखर गाउँपालिकाको दिगो स्थानीय आर्थिक विकास योजनाको समेत वार्षिक रुपमा समीक्षा गरी आवश्यकताअनुसार अद्यावधिक गरी लक्ष्य हासिल गर्नुपर्ने । | | | | | | | | | |

## ५. कार्यान्वयन तथा अनुगमनको व्यवस्था

५.१ निर्देशन समिति

लिसंखु पाखर गाउँपालिकाको दीगो स्थानीय आर्थिक विकासको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि एक निर्देशन समिति र दिगो स्थानीय आर्थिक विकास प्रवर्द्धन सम्वाद मञ्चको गठन गरिएकोछ ।

दिगो स्थानीय आर्थिक विकास योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा निम्नानुसारका ११ जना सदस्यहरु रहेको दिगो स्थानीय आर्थिक विकास निर्देशन समितिको गठन कार्यपालिकाबाट गरिएकोछ ।

(क) श्री हेमगंगा मोक्तान, गाउँपालिकाको उपाध्यक्ष ................................ संयोजक

(ख) गाउँपालिकाका सातै वडाका वडा अध्यक्षहरु ................................. सदस्य

(ग) श्री माइली तामाङ, सहकारी प्रतिनिधि ......................................... सदस्य

(घ) श्री देउ कुमारी शाक्य, निजि क्षेत्र प्रतिनिधि .................................... सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी फोकल पर्सन.............सदस्य सचिव

उपरोक्त वमोजिमको निर्देशन समितिले आवश्यकता अनुसार विषय विज्ञ आमन्त्रित गर्न सक्नेछ ।

५.२ निर्देशन समितिको काम कर्तव्यहरु

(क) सहकारीता, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई ध्यानमा राखि दिगो स्थानीय आर्थिक विकासका ढाँचा तयार गरी वार्षिक योजना तर्जुमाका लागि कार्यपालिकामा पेश गर्ने ।

(ख) दिगो स्थानीय आर्थिक विकाससँग सम्वन्धित आवश्यक नीति तर्जुमा गर्न, स्थानीय स्रोतसाधनहरुको पहिचान र परिचालन गर्न आवश्यक समन्वय गर्ने ।

(ग) स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरुको बजारीकरण गर्न तथा ती वस्तुहरुको समग्र मुल्य श्रृङ्खलामा आवश्यक पर्ने पूँजी, प्रविधि, सीप तथा उपकरणको व्यवस्थापन गर्न आवश्यक सहजीकरण गर्ने ।

(घ) स्थानीय उत्पादनका प्रतिष्पर्धी क्षेत्रहरुमा लक्षित समुदायहरुको रोजगारीको सुनिश्चितताका गर्न आवश्यक पहल तथा  सहजीकरण गर्ने ।

(ङ) गाउँपालिका स्तरमा गठित दिगो स्थानीय आर्थिक विकास प्रवर्द्धन संवाद मञ्चसँग आवश्यक समन्वय गरी दिगो स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनकारी आयोजनाहरुको पहिचान र विकास गर्ने ।

(च) विकास साझेदार संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्र, विभिन्न पेशा व्यवसायीहरु तथा शैक्षिक तथा अनुसन्धानका क्षेत्रमा कार्यरत संस्थाहरुसँग लिसंखु पाखर गाउँपालिकाको दिगो स्थानीय आर्थिक विकासका विभिन्न आयामहरुमा आवश्यकता अनुसार छलफल गरी पृष्ठपोषण लिने ।

५.३ दिगो स्थानीय आर्थिक विकास प्रवर्द्धन संम्वाद मञ्च

दिगो स्थानीय आर्थिक विकासका सवालहरुमा सरोकारवालाहरुवीच खुल्ला वहस चलाउन र त्यसका बारेमा आम जनमानसमा सकरात्मक परिवर्तन ल्याउन सवै क्षेत्रका विज्ञ र अनुभवी र प्रतिष्ठित व्यक्तिहरुको प्रतिनिधित्व हुने गरी दिगो स्थानीय आर्थिक विकास प्रवर्द्धन सम्वाद मञ्चको गठन गरिनेछ । उक्त मञ्चमा स्थानीय बुद्धिजिवी, स्थानीय संचारकर्मी, होटल व्यवसायी, कृषक, उद्यमी, युवा क्लवहरु, शिक्षक र शिक्षिका, महिला संजाल, अपाङ्ग, जेष्ठ नागरिक, बालवालिका, दलित, गाउँपालिका वाहिर रहेका विज्ञहरु, देश वाहिर रहेका गाउँलाई माया गर्ने व्यक्तिहरु तथा अन्य

आवश्यकता अनुसारको क्षेत्रको समेत प्रतिनिधित्व गराउन सकिन्छ । यस गाउँपालिकामा देहायअनुसार दिगो स्थानीय आर्थिक विकास प्रवर्द्धन सम्वाद मञ्चको गठन गरिएको छ :

| | |
|---|---|
| १.श्री शशि कुमार शाक्य, कृषि व्यवसायी | पहिलो संयोजक |
| २. श्री सुवर्ण भण्डारी, व्यवसायी/पुर्व शिक्षक | दोस्रो संयोजक |
| ३. श्री गंगा बहादुर लामा, रेडियो जुगल | सदस्य |
| ४. श्री कन्चन लामा, निमार्ण ब्यबसायी | सदस्य |
| ५.श्री कृष्ण श्रेष्ठ, शिक्षक | सदस्य |
| ५.श्री निर्मल उप्रेती, विद्यार्थी | सदस्य |
| ६. श्री सरस्वती पहरी, वालक्लव | सदस्य |
| ७. श्री पाल्साङ लामा, स्वास्थ्य स्वयंसेविका | सदस्य |
| ८. श्री दिपक सिवाकोटी, संयोजक (बाल क्लब) | सदस्य |
| ९.श्री फुलचरी तामाङ, महिला सञ्जाल अध्यक्ष | सदस्य |
| १०.श्री पाल दोर्जे तामाङ, समाजसेवी तथा कृषि व्यवसायी | सदस्य |
| ११. श्री भुना तामाङ (फरक क्षमता) | सदस्य |
| १२. श्री सुरज श्रेष्ठ, पशुपालन दाना उत्पादन व्यवसायी | सदस्य |
| १३. श्री नैना तामाङ, होटल व्यवसायी | सदस्य |
| १४. श्री नारायण बहादुर श्रेष्ठ, सहकारी | सदस्य |
| १५. श्री तीलक श्रेष्ठ, जेष्ठ नागरीक संयोजक | सदस्य |
| १६. श्री पवन खड्का, युवा व्यवसायी | सदस्य |
| १७. श्री जय राम ठकुरी, कृषि व्यवसायी | सदस्य |
| १८. श्री पेमा ध्याम्जो लामा, कृषि व्यवसायी तथा समाजसेवी | सदस्य |
| १९. श्री सरोज सुनार, व्यवसायी | सदस्य |
| २०.श्री दावा तामाङ, युवा क्लब | सदस्य |
| २१.श्री कमला थापा, महिला सञ्जाल | सदस्य |
| २२. श्री कर्म ध्याम्छो लामा, कृषक | सदस्य |
| २३. श्री तिलक श्रेष्ठ, कृषक, फरक क्षमताभएका व्यक्ति | सदस्य |
| २४. श्री जेठा लामा, कृषि व्यवसायी | सदस्य |
| २५. श्री दुर्गा माया विश्वकर्मा, पालिका स्तरको सा.व.उ.महासंघ अध्यक्ष | सदस्य |

| | | |
|---|---|---|
| २६. | श्री लवाङ लामा, वन उपभोक्ता समुह, | सदस्य |
| २७. | श्री दिपक सुन्दास, कृषक | सदस्य |
| २८. | श्री बुद्ध तामाङ, कृषक | सदस्य |
| २९. | श्री तिलक श्रेष्ठ, जेष्ठ नागरिक कल्याण समिति | सदस्य |
| ३०. | श्री फुलचरी तामाङ, महिला सञ्जाल अध्यक्ष | सदस्य |
| ३१. | श्री महेश लामा, कृषक | सदस्य |

५.४ दिगो स्थानीय आर्थिक विकास प्रवर्द्धन संम्वाद मञ्चको काम कर्तव्यहरु

(क) नियमित रुपमा गाउँपालिकाको दिगो स्थानीय आर्थिक विकासका लागि सकरात्मक पक्षहरुको खोजी गर्न संवाद कार्यक्रम चलाउने ।

(ख) गाउँपालिका वाहिर, देश वाहिरका संभाव्य व्यक्तित्वहरुको खोजी गरी सवै पक्षहरुलाई राखेर विचार विमर्श गर्ने गराउने ।

(ग) दिगो स्थानीय आर्थिक विकासका सवालहरु र संभावनाहरुको प्रचारप्रसार गर्ने ।

(घ) गाउँपालिकाको दिगो स्थानीय आर्थिक विकास निर्देशन समितिसँग संवादबाट आएका सवाल र सम्भावनाहरुबारेमा छलफल गर्ने ।

(ङ) सम्वाद मञ्चलाई स्वेच्छिक र स्वतन्त्र रुपमा दिगो स्थानीय आर्थिक विकासका लागि वहस गरी सकरात्मक उर्जा प्रदान गर्ने थलोको रुपमा विकास गर्ने ।

## ६. अनुसूचीहरु

### अनुसूची ६.१: स्थानीय स्रोत तथा सम्भावनाको प्रारम्भिक पहिचान (कृषि क्षेत्र)

| सि.नं. | स्थानीय स्रोत साधान | वडा/स्थान | विवरण (गुणात्मक र मात्रात्मक) | सम्भावना (उच्च, मध्यम, न्यून) | मुख्य अवरोधहरु |
|---|---|---|---|---|---|
| **१** | **जमिन (कृषि योग्य)** | | | | |
| | १) आलु खेती | | | | |
| | क) हिउँदे आलु | सबै वडा | ३५० हेक्टर | १७ | ढुवानी, बजार, प्राविधिक जनशक्ति र प्रविधिमा समस्या रहेको |
| | ख) वर्षे आलु | सबै वडा | १५०० हेक्टर | १८ | ढुवानी, बजार, प्राविधिक जनशक्ति र प्रविधिमा समस्या रहेको |
| | २) सुन्तला खेती | १,२ र ६ नं. वडा | ५० हेक्टर | १६ | ढुवानी, बजार, प्राविधिक जनशक्ति र प्रविधिमा समस्या रहेको |
| | ३) किवि खेती | सबै वडा | १५ हेक्टर | १८ | ढुवानी, बजार, प्राविधिक जनशक्ति र प्रविधिमा समस्या रहेको |
| | ४) च्याउखेती | सबै वडा | १ हेक्टर | १८ | आवश्यकता अनुसार प्राविधिक तालिम संचालन गर्न नसकिएको |
| | ५) स्याउ खेती | सबै वडा | ५० हेक्टर | १७ | आवश्यकता अनुसार प्राविधिक तालिम संचालन गर्न नसकिएको |
| | ६) एभोकाडो (घ्यू फल) | सबै वडा | ५० हेक्टर | १७ | आवश्यकता अनुसार प्राविधिक तालिम संचालन गर्न नसकिएको |
| | ७) कागती | १,२,६ र ७ | २० हेक्टर | १७ | आवश्यकता अनुसार प्राविधिक तालिम संचालन गर्न नसकिएको |
| | ८) धान, मकै, कोदो, गहुँ, फापर | सबै वडा | ३५०० हेक्टर | १७ | जलवायू परिवर्तनको कारण स्थानीय कृषि उत्पादनमा समस्या, जंगली जनावरको विगविगी |
| **२** | **जमिन (सिमसार)** | | | | |
| | क) बाँस<br>ख) अलैची | सबै वडा | २० हेक्टर | १७ | ढुवानी, बजार, प्राविधिक जनशक्ति र प्रविधिमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) अर्गेली/लोक्ता<br>घ) अम्रिसो<br>ङ) निगालो | | | | समस्या |
| | **प्रस्तावित नमूना आयोजनाहरु** | | | | |
| | क) चिया खेती | सबै वडा | ५ हेक्टर | | आवश्यक प्राविधिक तालिमको अभाव |
| | ख) ट्राउट माछा | २,५ र ६ नं. वडा | २ हेक्टर | | आवश्यक प्राविधिक तालिमको अभाव |
| | ग) पशुपालन, दुध जन्य उत्पादन | | | | |
| | घ) भिर माउरी संरक्षण | | | | |
| | ङ) पंक्षी पालन (कुखुरा, हाँस, कालिज, बटाई आदि) | | | | |
| | च) पंक्षी दाना उत्पादन | | | | |
| | छ) पशु दाना उत्पादन (पेलेट घाँस, अन्न, र विभिन्न खनिज पदार्थको मिश्रण) | | | | |
| ३ | **जंगल** | | | | |
| | १) जडिवुटी<br>क) चिराइतो<br>ख) धसिङगरे<br>ग) ठूलो ओखती<br>घ) पाखनबेत<br>ङ) गुर्जो<br>च) टिम्बुर<br>छ) नागबेली पाउडर<br>ज) सुनाखरी | सबै वडा | ५० हेक्टर | १७ | ढुवानी तथा बजारमा समस्या र प्राविधिक जनशक्तिको अभाव |
| | २) काठ<br>क) खोटे सल्ला<br>ख) उतिस<br>ग) कटुस<br>घ) लप्सी<br>ङ) लोठ सल्ला | सबै वडा | २००० हेक्टर | १८ सम्पूर्ण काठहरुलाई सिजिनिङ गर्ने | ढुवानी तथा बजारमा समस्या र प्राविधिक जनशक्तिको अभाव |
| | ३) ब्रिकेट | ४ नं. वडा | | १८ | ढुवानी तथा बजारमा समस्या र प्राविधिक जनशक्तिको अभाव |
| | **प्रस्तावित नमूना आयोजनाहरु** | | | | |
| | क) पाउलोनिया<br>ख) लहरे पिपल<br>ग) दाँते ओखर | सबै वडा | १००० हेक्टर | १८ | |
| ४ | **नर्सरी** | | | | |
| | यस भेगमा हुने सबै जातका | सबै वडा | १ हेक्टर | | प्राविधिक जनशक्तिको |

| | | | | | |
|---|---|---|---|---|---|
| | विरुवाको नर्सरी | | (५००० जना लाभान्वित | | अभाव |
| ५ | सरकारी, गुठी र निजी खाली जग्गा | सबै वडा | ५००० हेक्टर | | स्थानीय नीति कार्यक्रम कार्यान्वयनमा केही समस्या |
| ६ | वन जंगलबाट कार्वन सञ्चय गर्ने | सबै वडा | ५००० हेक्टर | | स्थानीय नीति कार्यक्रम कार्यान्वयनमा केही समस्या र प्राविधिक जनशक्तिको कमी |
| ७ | वनजन्तुहरुको संरक्षण जस्तै : सालक, बदेल, घोरल आदि) | | | | |

माथि उल्लेखित जमिनको सदुपयोग गरि अन्न तरकारी फलफूल उत्पादन गरी शीत भण्डार (कोल्ड स्टोर) गर्न सकेमा यस गाउँपालिकाभित्रको आर्थिक उन्नतिमा टेवा पुऱ्याउँदछ ।

**अनुसूची ६.२. स्थानीय स्रोत तथा सम्भावनाको प्रारम्भिक पहिचान (पर्यटन)**

| सि. नं. | स्थानीय स्रोत साधान | वडा/स्थान | विवरण (गुणात्मक र मात्रात्मक) | सम्भावना (उच्च, मध्यम, न्यून) | मुख्य अवरोधहरु |
|---|---|---|---|---|---|
| १ | जल विहार | १,२ (ग्याल्गुङ दोभान खोला | निर्माण कार्य प्रारम्भ (सङख्या १) | उच्च सम्भावना १५ | जग्गा प्राप्तीगर्नमा केही समस्या |
| २ | पद यात्रा/पद मार्ग(तेन्जीङ नोर्गे शेर्पा र एडमण्ड हिलारि) | सुनकोशी गाउँपालिका हुँदै १, २, ३ ,५ ,६, ७ वडाहरु | १ ओटा | उच्च सम्भावना १७ | अपेक्षितआर्थिक लगानी परिचालन हुन नसकेको |
| ३ | प्यारा ग्ल्याईडिङ (प्रस्तावित) | वडा ५ ,३, २ | अध्ययनमा रहेको | मध्यम | प्राविधिक अध्ययन हुन बाँकी |
| ४ | धार्मिक पर्यटन | १.....७ वडाहरु | हिन्दु तथा बौद्ध मन्दिर गुम्वाहरु ( १०) भन्दा माथि | उच्च सम्भावना १७ | प्रचार प्रसार हुन नसक्नु |
| ५ | प्राकृतिक पर्यटन | वडा ३, ४, ५ | हिउँ खेल्न तथा सौन्दर्य अवलोकन गर्न (४ भन्दा वढी स्थानहरुमा) | उच्च सम्भावना १५ | होटल तथा वस्ने लजको उचित व्यवस्थापन नभएको |
| ६ | होम स्टे | वडा २ ,३, ४, ५ | आर्थिक जीवनस्तरमा सुधार | उच्च सम्भावना १३ | अध्ययन हुन नसकेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | कृषि/सहकारी पर्यटन | १.......७ वडाहरु | अर्गानिक उत्पादन, खाना, तथा नमूना फार्मको अवलोकन | उच्च सम्भावना १५ | प्रर्याप्त प्रचार प्रसार हुन नसकेको र नमूना कृषि फार्महरु बन्न नसकेको |
| ८ | शैक्षिक पर्यटन (प्रस्तावित योजना प्रयोगात्मक शिक्षा,नमूना विद्यालय) | पालिका तहभित्र | नमूना विद्यालय निर्माण, हेलिप्याड प्रयोगशाला | उच्च सम्भावना १५ | नमूना विद्यालयहरुको निर्माण तथा प्रचार प्रसार हुन नसकेको |
| ९ | हिल स्टेशन पार्क र वनभोज स्थान | वडा ३,४,५,६,७ मुडे,ताम्चे | पर्यटकलाई आकर्षण गरि पर्यटक भित्राउन सकिने | उच्च सम्भावना १५ | केही निर्माण कार्य हुन बाँकी र प्रचार प्रसार समेत हुन बाँकी |
| १० | साँस्कृतिक पर्यटन (सँग्राहालय) | पालिका तह भित्रि २,३ | आ आफ्नो सँस्कृति झल्किने झाँकि तथा संस्कृति झल्किने संग्राहालय | उच्च सम्भावना १५ | साँस्कृतिक संग्राहालयको निर्माण तथा विस्तार र संग्रह गरिने सामाग्रीको संकलन समेत पर्याप्त मात्रामा हुन नसकेको |
| ११ | प्राकृतिक चिडियाखाना (प्रस्तावित योजना) | वडा ३,४,७ | पर्यटनलाई आकर्षण गरि आर्थिक स्तरमा सुधार | उच्च सम्भावना १० | विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण हुन बाँकी |
| १२ | प्राकृतिक सिमशार पोखरी तथा ताल | वडा १,४,५,७ | यसको संरक्षण र प्रवर्द्धन | उच्च सम्भावना १० | उत्खनन् र अभिलेख तयार गरी विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण हुन बाँकी |

**अनुसूची ६.३. स्थानीय स्रोत तथा सम्भावनाको प्रारम्भिक पहिचान (जनश्रम /मानव संसाधन)**

| क.स. | जनश्रम | वडा/ | संख्या | विवरण तथा गुणात्मकता | मुख्य अवरोधहरु |
|---|---|---|---|---|---|

| | /मानव संसाधन | स्थान | | | |
|---|---|---|---|---|---|
| १. | सहकारी | १–७ | ३५ वटा | उद्यमी व्यवसायी तथा कृषकहरुलाई सहुलियत ब्याजदरमा ऋण प्रदान ६० जना रोजगारी | सबै सहकारी सक्रिय नभएको तथा कार्यनीति अनुसार संचालन हुन नसकेको |
| २. | होटल व्यवसाय | १–७ वडा मुडे, सिलढुगां, ठूलोपाखर | ५५ वटा सानो ठुलो | १५० जना रोजगारी स्थानीय उत्पादनको प्रयोग तथा प्रवर्द्धन (आलु, काउली, मुला, खसी, बोका,कुखुरा ) | कोल्ड स्टोरको व्यवस्था नभएको बजार व्यवस्थापन तथा ढुवानीको समस्या |
| ३. | वर्कशप | १–७ वडा ठुलोपाखर, मुडे, लिसंखु, सिलढुगां | १० वटा | ६० जना रोजगारी तथा आर्थिक बृद्धिमा सहयोग | प्राविधिक जनशक्तिको अभाव, गुणस्तरीय सामानको अभाव तथा आर्थिक लगानीको अभाव |
| ४. | कृषि पशुपालन फर्म | १–७ वडा पेट्कु, ठुलोपाखर, अत्तरपुर | २० वटा | रोजगारी तथा आर्थिक आयस्तरमा बृद्धि तथा लगानी सिर्जना | उद्यमशिल तालिमको अभाव, विषयवस्तुको अभाव तथा बजार व्यवस्थापनको अभाव । |
| ५. | युवा क्लव | १–७ वडा सबै | २८ वटा | –आन्तरिक पर्यटनको लागि खेलकुद आयोजना , सरसफाईका कार्यक्रम संचालन । –कोभिड स्वास्थ्य सामाग्री तथा राहत वितरण । | भवनको अभाव, बजेट, रोजगारीको अभाव तथा सिपमूलक तालिम तथा कार्यक्रमको अभाव रहेको |
| ६. | इन्टिग्रेट सोसाइटी अफ नेपाल, लिवर्ड लगायतका अन्य संघसंस्थाहरु | १–७ वडा सबै | | कृषकहरुलाई बोका वितरण ( बिउको लागि ) विद्यालयमा दिवा खाजाको व्यवस्था गरेको तथा टनेल विउ वितरण । | गाउँपालिकाका सम्पूर्ण वडाहरुलाई समेट्न नसक्नु । |
| ७. | नर्स, जेटिए, इन्जिनियर | १–७ वडा सबै | ५५–६० जना | स्वास्थ्य शिविर तथा पशु स्वास्थ्य शिविर संचालन । | उपयुक्त रोजगारीको सिर्जना नहुनु । |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | महिला संजाल | १–७ वडा सबै | ८वटा (७ वटा वडा स्तरीय १ वटा गाउँपालिका स्तरीय) | सिपमूलक तालिम संचालन, कृषि उत्पादन तथा विक्रि, महिला साक्षरता कार्यक्रम, चेलिबेटि बेचविखन विरुद्धका कार्यक्रम । | सिपमुलक तालिम तथा प्रविधिको कमि, कृषि औजारको कमी, सिंचाइको अभाव , आधुनिक मेसिनको अभाव, आर्थिक सहयोगको अभाव । |
| ९. | अपाङ्गता समन्वय समिति | १–७ वडा सबैमा | ८वटा (७ वटा वडा स्तरीय १ वटा गाउँपालिका स्तरीय) | अभिमुखिकरण कार्यक्रम संचालन, कुखुराको चल्ला वितरण | आधुनिक औजार सहित तालिमको अभाव, शारीरिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यक सामाग्रीको अभाव । |

**अनुसूची ६.४. तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान (समूह "क")**

| क.स. | तुलनात्मक लाभको क्षेत्र | कारणहरु |
|---|---|---|
| १. | आलु | - मुडेको आलु राष्ट्रिय रुपमा प्रख्यात ।<br>- आलुको लागि सुहाउँदो हावापानी ।<br>- स्थानीय किसानहरुमा आलु खेतीसम्बन्धी राम्रो ज्ञान हुनु ।<br>- आलुबाट दाल, भात, चिप्स, मस्यौरा लगायतका विभिन्न परिकार बनाउन सकिने ।<br>- आलु गुणस्तरीय उत्पादन हुने । |
| २. | बाख्रा तथा भैंसी पालन | - बाख्राको लागि राम्रो बजार माग तथा सहजै बजारीकरण गर्न सकिने ।<br>- उपयुक्त हावापानी, चरण क्षेत्र, घाँस तथा दाना सहजै उपलब्ध हुने । |
| ३. | फलफूल :<br>- सुन्तला<br>- कागती<br>- लप्सी<br>- किवि | - जुस, वाइन बनाउन सकिने ।<br>- फलफूल खेतिको लागि उपयुक्त बातावरण तथा हावापानी भएको ।<br>- बजारको बढ्दो माग ।<br>- किवि फल प्रतिको आकर्षण बढ्दो । |
| ४. | ताजा तरकारी | - तरकारी खेतिको लागि सुहाउँदो हावापानी ।<br>- सिँचाई, यातायात, बजार तथा सञ्चारको राम्रो सुविधा ।<br>- ताजा तरकारीको बढ्दो माग ।<br>- स्वास्थ्यवर्द्धक ।<br>- गरिबी न्यूनिकरण तथा आम्दानीमा बृद्धि ।<br>- जीवनस्तरमा सुधार । |

**अनुसूची ६.५. तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान (समूह "ख")**

| क्र.स. | तुलनात्मक लाभका क्षेत्रहरु | कारणहरु |
|---|---|---|
| १. | काष्ठकला (मुकुन्डो बनाउने) | - उतिस, सिमल, खिर्रो लगायतका काठहरु प्रशस्तै, कला र सिपमा धनी, पर्यटकको रोजाइमा रहेको, काठमाण्डौंमा पहिले देखि नै बजार स्थापित |
| २. | आलु | - आलुको लागि पहिलेदेखि नै प्रचलित, राम्रो हावापानी, स्वादिष्ट, राजमार्ग नजिक ।<br>- बर्षातमा पनि उत्पादन गर्न सकिने । |
| ३. | मलायो (अमिलो फल) | - अर्गानिक चुक उत्पादन गर्न सकिने ।<br>- उपयुक्त हावापानी र जमिन, प्राकृतिक र जंगलमा आफै उत्पादन हुने । |
| ४. | धसिङग्रे (एक जडिवुटि) | - लेकाली जंगलमा आफै हुर्कने, घाउ, चोटपटकको औषधी । |
| ५. | कोदोको तोङ्बा/रक्सी र ढिँडो | - कोदो खेती सबैले गर्ने गरेका ।<br>- प्रशोधन गर्ने सीप उपलब्ध, बजार राम्रो ।<br>- भण्डारण गर्ने भाँडा बनाउने बाँस र काठ प्रशस्त र तोङ्बा तान्ने निगालो प्रशस्त रहेको । |

**अनुसूची ६.६. तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान (समूह "ग")**

| क्र.स. | तुलनात्मक लाभका क्षेत्र | कारणहरु |
|---|---|---|
| १. | आलु (मुडेको) | - ठूलो आकारको गोलो र प्रांगारिक मलको प्रयोग, छुट्टै प्रकारको स्वाद भएको ।<br>- राजधानी मै राम्रो छाप रहेको र माग रहेको, ५/६ महिनामा नै खन्न सकिने तथा रोप्ने तरिका पनि फरक किसिमको रहेको । |
| २. | रायोको साग | - ओसिलो ठाउँ तथा कम्पोष्ट वस्तुभाउको मलखादमा उत्पादन भएको ।<br>- नरम तथा ठूलो ठूलो पात सहित फरक मीठो स्वाद भएको । |
| ३. | थाङ्का र मुकुण्डो | - स्थानीय व्यक्तिहरुले आफैले आफ्नै बौद्ध धार्मिक सांस्कृतिक विषयवस्तु र जीवन पद्धतिबारे थाङ्कामा जीवन्त उतार्ने सीप तथा कला भएको ।<br>- मुकुण्डो स्थानीयस्तरमा प्राप्त उतिस जातको नफुट्ने बलियो भएको र शुद्ध रुपमा हस्तकलाको प्रयोग गर्ने गरेको र त्यसको लागि चाहिने सबै औजार पनि स्थानीय स्तरमै प्राप्त हुने भएको । |
| ४. | दुग्ध | - वस्तुभाउको लागि कुनै पनि प्रकारको औषधी प्रयोग नहुने शुद्ध स्थानीय घाँसको प्रयोग भएको<br>- वस्तुभाउलाई दैनिक चरिचरण गरि जडिबुटियुक्त घाँस खाएको दुधको स्वाद समेत पोषिलो र फरक हुने । |
| ५. | चकटी तथा गुन्द्री | - चकटी आफ्नै गाउँ ठाउँमा पाईने मकैको खोष्टोबाट हातले बनाउने भएकोले ।<br>- गुन्द्री स्थानीय पराल प्रयोग गरि तथा स्थानीय औजारको प्रयोगबाट बलियो गरि बनाउने |
| ६. | गुन्द्रुक | - ठूलो ठूलो पात भएको रायोको सागलाई चिसो वातावरणमा विषादी नहाली बनाउने तथा यो अमिलो र सदावहार हुने भएकोले । |

**अनुसूची ६.७. तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान (समूह "घ")**

| क्र.स. | तुलतात्मक लाभको क्षेत्र | कारणहरु |
|---|---|---|
| १. | आलुचा/आलुबखडा | - हावापानी अनुसार यस ठाउँमा सजिलै उत्पादन हुने ।<br>- स्थानीयस्तरका फल तथा स्थानीय प्रविधिको प्रयोगबाट सस, रक्सी बनाउन सकिने । |
| २. | टिमुर, सिस्नु, सिलाम, छिनिक, डल्ले खुर्सानी, निउरो | - संकलन केन्द्र स्थापना गरी स्थानीयकरण गरी बेगविखन गर्न सक्ने । |
| ३. | पशुपालन (भैंसी, बाखा, कुखुरा, गाई, बंगुर, सुंगुर स्थानीय) | - दुग्ध, मासुजन्य खानाका लागि बारीखेत मलकोलागि । |
| ४. | आलु र बन तरुल | - आलुका परिकार निर्माण गरी बेच्न सकिने ।<br>- बन तरुललाई व्यवसायिक खेती गर्न सकिने । |
| ५. | स्थानीय सीपहरु | - डोको, डालो, नाङ्लो आदि निर्माण गर्ने । |

**अनुसूची ६.८:** सहभागीको विवरण

# दिगो स्थानीय आर्थिक विकासः सहकारी र उद्यमशिलता प्रशिक्षण

२०७७।१०।१२ देखि १६ गते

लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक

## सहभागीको विवरण

| क्र.सं. | नामथर | पद | कार्यालय | मोबाइल नं. | ई-मेल |
|---|---|---|---|---|---|
| १ | कमल प्रसाद नेपाल | अध्यक्ष | लिसंखुपाखर गाउँपालिका | ९८५११७७०१२ | kamalnepal@gmail.com |
| २ | नयन बहादुर तामाङ | वडा अध्यक्ष | लि.पा.७ | ९८५१२८२७९४ | - |
| ३ | बिष्णु कुमार श्रेष्ठ | वडा अध्यक्ष | लि.पा.५ | ९८५१२०८२२८ | - |
| ४ | हस्त लामा | वडा अध्यक्ष | लि.पा.२ | ९८५१०८५७९० | - |
| ५ | काजी बहादुर लामा | वडा अध्यक्ष | लि.पा.३ | ९८५१२०७९२८ | - |
| ६ | भक्त लामा | वडा अध्यक्ष | लि.पा.४ | ९७४१२६२६३१ | - |
| ७ | माइली तामाङ | अध्यक्ष | लिसंखु महिला वचत तथा ऋण सहकारी लिंसखु २ | ९८६१७५२५८० | - |
| ८ | नारायण ब.श्रेष्ठ | व्यवस्थापक | सयौं थुङा बचत तथा ऋण सहकारी संस्था लि. | ९८४१०७४९५८ | narayan.20050@gmail.com |
| ९ | पार्वती नेपाली | कानुनी सहजकर्ता | लि.पा.गा.पा. | ९८४९०१२२८४ | nepaliparbati70@gmail.com |
| १० | शिला शर्मा | सहायक महिला | लि.पा.गा.पा. | ९८४७७६५११३ | ssheelasharma72@gmail.com |

| क्र.सं. | नामथर | पद | कार्यालय | मोबाइल नं. | ई-मेल |
|---|---|---|---|---|---|
| | | विकास निरिक्षक | | | |
| ११. | नानीमैया बस्नेत | सामाजिक वि.शा.अधिकृत | लि.पा.गा.पा. | ९८५१०५१८७८ | nanimaiya.basnet@gmail.com |
| १२. | धर्म राज रिमाल | शिक्षा अधिकृत | लि.पा.गा.पा. | ९८६००७४५५८ | dharmarimal8@gmail.com |
| १३. | पासाङ लाल तामाङ | वडा अध्यक्ष | लि.पा.गा.पा. | ९८४१३१७२९८ | - |
| १४. | दिर्बन सिं लामा | स.प्र.अ. | लि.पा.गा.पा. | ९८४९३२७७८४ | ito.lisankhupakharmun@gmaim.com |
| १५. | कृष्ण योञ्जन | MIS Operator | लि.पा.गा.पा. | ९८१३४६६९६५ | yonjankrishna90@gmail.com |
| १६. | राजु बस्नेत | स्वास्थ्य संयोजन | लि.पा.गा.पा. | ९८४३५४५७४६ | basnetraju143@gmail.com |
| १७. | सुनिता सुनार | वडा अध्यक्ष | लि.पा.गा.पा.५ | ९८६६४७६४९० | - |
| १८. | मोहन प्रसाद पाण्डे | लेखापाल | लि.पा.गा.पा. | ९८४७५२३३७२ | mohanprasad017@gmail.com |
| १९. | पवन खड्का | प्रोपाइट | व्यवसाय एम.पि.कृषि पशुपालन | ९८१०३००५६७ | - |
| २०. | श्यामलाल तामाङ | अध्यक्ष | पेट्क कृषि स.सं. | ९८५११९०४३९ | - |
| २१. | लाल ब.पन्थ | अध्यक्ष | लि.पा.गा.पा. वडा नं.६ | ९८१०१९०५०४ | - |
| २२. | कृष्ण पहारी | सदस्य | लि.पा.गा.पा. | ९८४०९२५३० | - |
| २३. | पाल्साङ तामाङ | सदस्य | लि.पा.गा.पा. | ९८६९०१५७५८ | - |
| २४. | हेमगंगा मोक्तान | उपाध्यक्ष | लि.पा.गा.पा. | ९८५१२४७२३६ | moktanhemganga@gmail.com |
| २५. | दुर्गा माया विश्वकर्मा | सा.व.उ. | सा.व.उ.सं. महासंघ गा.पा. | ९८४९५६८९१६ | durgamaya616@gmail.com |
| २६. | प्रदिप सून्दास | गाउँ | लि.पा.गा.पा. | ९८४८७४२४०४ | pradipsunda@gmail.com |

| क्र.सं. | नामथर | पद | कार्यालय | मोबाइल नं. | ई-मेल |
|---|---|---|---|---|---|
| | | कार्यपालिका सदस्य | | | |
| २७. | सन्तोष नेपाल | प्राविधिक सहायक कृषि | लि.पा.गा.पा. | ९८६९००७४८५ | mailsnsanto@gmail.com |
| २८. | पूर्ण प्रसाद दुलाल | प्र.प्र.अ. | लि.पा.गा.पा. | ९८५१०९०६६२ | ladulallywan@gmail.com |
| २९. | कुमार लामा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय | ९८४९६७५०२१ | kumarmoktan7@gmail.com |
| ३०. | गंगा ब.लामा | रेडियो जुगल | ५ नं. वडा कार्यालय | ९८४३११८०१५ | - |
| ३१. | सितु प्रसाद तामाङ्ग | सहयोगी | लिसंखु पाखर गाउँपालिका | - | - |
| ३२. | सुस्मिता तामाङ्ग | सहयोगी | लिसंखु पाखर गाउँपालिका | - | - |
| ३३. | राम कुमार तामाङ्ग | अधिकृत | लिसंखु पाखर गाउँपालिका | ९७५१००५९४४ | - |